# ठूलोदुम्मामा ढुकुरसिंह पूजाको प्रचलन तथा प्रभाव

**नीलमणि भट्टराई, शिक्षण सहायक, इतिहास विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर**

Email : bhattarainilmani@gmail.com

**सार**

नेपाली समाज बिविधतामा एकता भएको समाज हो । यहाँ विभिन्न भाषा, धर्म, संस्कार र संस्कृतिहरू रहेका छन् । नेपाल बहुजातीय देश भएकोले यहाँका प्रत्येक जाति र सम्प्रदायका आ–आफ्नै रीतिरिवाज र संस्कृतिहरू प्रचलित छन् । नेपालको पूर्वीक्षेत्रमा प्रचलित एउटा संस्कृति ढुकुरसिंह पूजा हो, जसलाई राजगैयाको नामले पनि चिनिन्छ । यो पूजा भोजपुर जिल्ला पौवादुङमा वार्ड नं. ६ मा बसोबास गर्ने राई जातिमा प्रचलित छ तर यो राई जातिका सबै पाछाहरूमा भने छैन । राई जाति यहाँको पुरानो जाति हो । यस्तै क्रममा यस अध्ययन क्षेत्रमा प्रचलनमा रहेको ढुकुरसिंह पूजाको अध्ययन गर्ने क्रममा प्राप्त लिखित स्रोत तथा अध्ययन क्षेत्रका बूढापाका, बुद्धिजिबी लगायतका व्यक्तिहरूसँगको छलफल तथा स्थलगत अवलोकनसमेत गरी उपलब्ध स्रोतलाई व्याख्या विश्लेषण गरी निष्कर्षको खोजी गर्दा यो पूजाको प्रचलन आधुनिक कालबाट मात्र सुरु भए तापनि एकिन मितिको भने अझै खोजी गर्नु पर्ने आवश्यकता रहेको छ । नेपाल एकीकरणको समयमा पृथ्वीनारायण शाहले माझकिरात क्षेत्र विजय गरेपछि शासन केन्द्रीकृत भयो । न्यायप्रणाली पनि केन्द्रीकृत हुँदा यस अध्ययन क्षेत्रका छिवात्पाङ पाछाका मस्तसिंह राई मुद्दाको सिलसिलामा काठमाडौं पुगे । त्यहाँ उनीसँगै गएका उनका भाइ हराएपछि भाइको खोजी गर्दै जाँदा उनी एउटा मन्दिरमा राँगोको बलि दिएर पूजा गरेको देखे र उनले मेरो भाइ भेटियो र मैले मुद्दा जिते भने यहाँ तिमीलाई दुई सिंङ्गेले पूजा गर्ने गरेको रहेछ, मेरो गाउँमा लगेर नौ सिंङ्गेले पूजा गर्ने छु, भनी भाकल गऱ्यो । उसको भाइ पनि भेट्टियो भने मुद्दा पनि जित्यो । त्यसपछि गाउँमा आएर उसैले ढुकुरसिंह नाम राखी कुखुराले बलि दिएर पूजा गर्ने प्रचलन चलाएको विश्वास रहेको छ । यस पुजामा प्रसादको रूपमा प्रयोग गरिएको बाबरको विशेष महत्त्व रहेको छ । जुन प्रसादस्वरूप बाबर खाएमा त्यसलाई पछयाउने र उसले पनि ढुकुरसिंह पूजा गर्नु पर्ने विश्वास रहेको छ । बैसाख पूर्णिमा र मङ्सीर पूर्णिमामा गरी बर्षमा दुईपटक सम्पन्न गरिन्छ । छिवात्पाङ पाछाका चेली विवाह गरेमा उसलाई पनि पछयाउने र पूजा गर्नु पर्ने विश्वास रहेको छ । जसको कारण हाल आएर यहाँका धेरैजसो राईहरूले यो पूजा गर्ने गरेका छन् । हाल यसको प्रचलन यहाँ मात्र सीमित छैन । विवाह र बसाइसराईको कारण यसको प्रभाव क्षेत्र बढिरहेको विषयमा विमर्श गरिएको छ ।

*प्रमुख शब्दावलीहरू* : परम्परा, प्रचलन, संस्कृति, संस्कार

**लेखसम्बन्धी विवरण** : लेख प्राप्त मिति : २०८१/०३/२०, लेख पुनरावलोकन मिति : २०८१/०६/२५, लेख स्वीकृत मिति : २०८१/०९//२३
**प्रकाशक** : महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर । DOI : https://doi.org/10.3126/medha.v7i1.73890
Homepage : https://www.nepjol.info/index.php/medha/index/current

## अध्ययनपरिचय

नेपालमा बसोबास गर्ने हरेक जातजातिका धर्म, संस्कार र संस्कृतिहरू नेपालका गौरव र पहिचानका प्रतिक हुन् । नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक राष्ट्र हो । यहाँका मौलिक भेषभुषा, रहनसहन, चाडपर्व, भाषा, संस्कृति र संस्कारहरू नेपालका मौलिक सम्पत्ति हुन् । यिनीहरूको जर्गेना गर्नु हामी सबैको कर्तब्य हो । यस्ता संस्कार र संस्कृतिहरूमाथि बाह्य संस्कृतिको प्रभावले लोप हुने क्रममा छन् । नेपालमा प्राचीन कालबाट बसोबास गर्दै आइरहेको एक प्रमुख जाति राई हो । यो जाति मात्र नभएर महाजाति हो । यो एक सामाजिक समुदायको रूपमा रहेको छ । किरातीहरू काठमाडौं उपत्यकामा लिच्छवीहरूद्वारा धपाइएपछि पूर्वतर्फ लाग्दा अरुण र दुधकोशी क्षेत्रका

विभिन्न स्थानमा रहेका राईहरू विस्तारै माझकिरात क्षेत्रमा थपिन आए, यसबाट यहाँ बसोबास गरिरहेका बासिन्दामा नयाँ परिवर्तन आउन थाल्यो (राई, २०७५, पृ. २३–४२) । यो जातिभित्र अनेक जाति, धर्म, संस्कृति, इतिहास र परम्परा रहेको छ (सिवाकोटी, २०७४, पृ. १) । नेपालको पूर्वीभागमा बसोबास गर्दै आइरहेका यी राईहरूले आफूलाई सुम्दिमा र पारुहाङ अर्थात् शिव र पार्वतीको सन्तानको रूपमा मान्दछन् । पारुहाङ अर्थात् शिव र पार्वती वन विहारमा रहँदा जन्मेका सन्तान नै राई हुन् भन्ने किंवदन्ती रहेको छ (पाण्डे, २०५५, पृ. २८८) । यिनीहरू हिमालयका प्राचीन जाति मध्ये एक मानिन्छन् । यिनीहरू भारतको उत्तरपूर्वी क्षेत्र र नेपालको दक्षिणपूर्वी भागमा बसोबास गरेका छन् किरात बंशावली अनुसार यिनीहरू हिमालय पारीबाट नेपाल प्रवेश गरेका हुन् । जनश्रुतिअनुसार  अघि भोटस्थित टाँशीरब्का भन्ने ठाउँको कुनै गोठालाको चौरीगाई हराएर वालेङचुङबाट याङमा घाँटीतिर आएछ, यसै गाईको पछाडि गोठालाहरूको एक दलले हिमालयको उब्जाउ दक्षिणी फाँटमा आएर बसोबास गरेको हो । वर्तमान किरातीहरूमा प्रचलित विश्वासअनुसार पनि किरातीहरूको हिमालय वारी यही प्रथम आगमन थियो (शर्मा, २०३३, पृ. ३६) । इस्वीको आरम्भतिर भारतबाट जाने जातिहरूद्वारा धपिएर पूर्वतर्फ गएपछि प्राचीन, मध्य र उत्तर मध्यकालसम्म त्यहाँ किरात राज्य रहेको पाइन्छ (सिवाकोटी, २०५५, पा.टी नं. २, पृ. ५६) । किरातहरूको शासन अरुण र तमोरको छेउछाउमा सीमित हुँदै गयो । किरातहरू नेपालका प्राचीन जाति हुन्, तर नेपालमा पश्चिम क्षेत्रबाट प्रवेश गरी पूर्व माझकिरात क्षेत्रमा लगभग डेढ हजार बर्ष पूर्व बसोबास गर्न पुगेका थिए (राई, २०७५, पा.टी नं १) । जातिभेद, वर्गभेद, तथा वर्णभेद पनि नभएकोले नेपालमा स्थापित भएको लोकतन्त्रात्मक किरात राज्यमा भने यस किसिमको भेदभावको गन्धसम्म रहेको थिएन (आचार्य, २०७०, पृ. ७) । काठमाडौं उपत्यकामा ई.पु. ५८० देखि ई. ११० सम्म शासन गरेको मानिन्छ (उपाध्याय, २०६१, पृ. ३०) ।

## लेखको समस्या, उद्देश्य र सीमाङ्कन

नेपाल एक बहुसांस्कृतिक देश हो, यहाँ जातीय, धार्मिक, भाषिक तथा सांस्कृतिक विविधता रहेको छ । जसको कारण असङ्ख्य संस्कार र संस्कृतिहरू प्रचलनमा छन्, त्यस्तै यस अध्ययनमा उक्त क्षेत्रमा प्रचलित ढुकुरसिंह पूजाको प्राचीनता, प्रयोग र प्रभावको बारेमा स्थापित भएका विश्वासको खोजी गरी समाधान गर्नु यस अध्ययनको प्रमुख समस्या रहेको छ । धार्मिक, सांस्कृतिक सम्पदा, कला, संस्कार संस्कृतिहरू तथा विभिन्न पूजाआजा, चाडबाड आदि नै देशका सांस्कृतिक परिचायक हुन् । त्यस्तै संस्कृति ढुकुरसिंह पूजाको बारेमा खोजी गरी संरक्षण र सम्बर्द्धनमा टेवा पुऱ्याउने मुख्य उद्देश्य रहेको छ । त्यसैले कुनै पनि क्षेत्रको अध्ययन गर्दा सम्पूर्ण पक्षको अध्ययन गर्न सम्भव हुँदैन । त्यसैले यस अध्ययनमा भोजपुर जिल्लाको पौवादुङ्गा गाउँपालिका वार्ड नं. ६, ठूलोदुम्मामा प्रचलित ढुकुरसिंह पूजाको बारेमा मात्र अध्ययन गरिएको छ ।

## अध्ययन विधि

यस अध्ययनलाई सम्पन्न गर्नका लागि पुस्तकालयीय पद्धति र क्षेत्र अध्ययन विधि दुबैको प्रयोग गरिएको छ । प्रथमतः पुस्तकालयीय पद्धतिमा रहेर सम्बन्धित विषयका विषयवस्तु तथा त्यसका अवयवहरूको खोजीका लागि विभिन्न विद्धान्हरूका विभिन्न पुस्तकहरू, पत्र–पत्रिकाहरू आदिको अध्ययन गरिएको छ । त्यस्तै क्षेत्र अध्ययनअन्तर्गत सम्बन्धित क्षेत्रमा गएर अवलोकन गरी त्यहाँका बूढापाका, शिक्षक, बुद्धिजीवी आदिसँग छलफल, कुराकानी, सोधपुछ गरी तथ्याङ्कको खोजी गरिएको छ । उक्त तथ्याङ्कलाई अध्ययन गरी व्याख्यात्मक तथा तुलनात्मक विधिको प्रयोग गरी गुणात्मक विधिद्वारा विश्लेषण गरी निष्कर्षको खोजी गरिएको छ । यो अध्ययन वर्णनात्मक तथा अन्वेषणात्मक ढाँचामा आधारित रहेको छ । विषयवस्तुसँग सम्बन्धित यथार्थ, विश्वसनीय जानकारीको खोजी गरिएको छ । यस अध्ययनलाई पूरा गर्न विभिन्न व्यक्ति–व्यक्तित्वहरूसँग कुराकानी, स्थलगत अवलोकन तथा प्राप्त लिखित सामग्रीहरूबाट प्राप्त तथ्याङ्गलाई वर्णनात्मक तथा विश्लेषणात्मक विधि तथा गुणात्मक अध्ययन पद्धतिका आधारमा तयार गरिएको छ ।

## नतिजा र विमर्श

भोजपुर जिल्ला पौवादुङमा गाउँपालिका वार्ड नं. ६ ठूलोदुम्मामा राई लगायत विभिन्न जातिहरूको बसोबास रहेको छ। जसमा जम्मा वार्डको जनसंख्या २०४९ रहेको छ भने जसमा १७६४ राई जातिको बसोबास रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११, पृ. ४९)। यसलाई हेर्दा यहाँ राई जातिको जनघनत्व अत्याधिक रहेको छ। प्रत्येक समाजमा रहने जातजाति, जनजाति सबैका आ–आफ्ना पहिचान झल्काउने रीतिरिवाज, चालचलन, परम्परा रहेका हुन्छन्। तथापी यहाँ विभिन्न जातिहरू र राई जातिभित्रका उपजाति (पाछा) हरू रहे तापनि एकअर्कामा देखापर्ने जातिगत मान्यता सामाजिक उत्सव, पर्व, समारोह तथा विभिन्न सांस्कृतिक गतिविधिको अवसरमा पारस्परिक सहयोगको लेनदेन भएको पाइन्छ। भोजपुर जिल्ला माझकिरात नामले पनि चिनिन्छ। त्यसमा पनि राई जातिको घनत्व धैरै भएको ठूलोदुम्मामा यहाँका बासिन्दा राईहरू कहाँबाट यस स्थानमा बसोबास गर्न आइपुगे भन्ने सम्बन्धमा दुईवटा धारणा रहेको छ। प्रथमतः उपत्यकामा किरातहरूको हार भएपछि विस्तारै पूर्वतर्फ लागेर सुनकोशी र तामाकोशी बीचमा बसोबास गरे र पछि विस्तारै पूर्वतर्फ आएर पूर्व ३ नं. को बासपानी भन्ने स्थानमा बसोबास सुरु गरे। त्यस स्थानबाट अझ पूर्वतर्फ बढ्दै जाँदा हालको भोजपुर जिल्ला अन्तर्गतको दिबुखा हाल (दिल्पा ) मा आएर बसोबास गरे र त्यसै दिबुखा क्षेत्रबाट यस क्षेत्रमा आएर बसोबास सुरु गरेका हुन भन्ने मान्यता रहेको छ (तीर्थकुमार राईसँगको अन्तर्वार्ता (२०७५/११/१०)। भने अन्य एक थरी मत भने फरक रहेको छ। एकथरी राई जाति आजभन्दा एक हजार पाँचसय बर्षपूर्व काठमाडौंदेखि पूर्व आजको माझकिरात खोटाङ आदि क्षेत्रमा बसोबास गर्दै आएका हुन् (सुवेदी, २०६५, पृ. १४८)। यसरी आएर कोशी प्रदेशमा बसोबास सुरु गरे, त्यसपछि यो क्षेत्र कोशी प्रदेशले चिनिन थाल्यो। सातौं शताब्दीसम्म आइपुग्दा किरातहरूको सीमाना पूर्वी नेपालको पहाडी भू–भाग मात्र होइन शिवालिक पर्वत श्रृङ्खलाको दक्षिण खोँचसम्म पुगेको थियो (राई र राई, २०६६, पृ. ४०)। यसै क्रममा १२० घर धुरी भएको एक ठूलो थुम नै कटुञ्जे भन्ने स्थानबाट यहाँ आएर बसोबास गर्न थाले (शमसेर राईसँगको अन्तर्वार्ता, (२०७५/११/०८)। यी दुई तर्कलाई मध्यनजर गर्दा यहाँ आएका राई जातिहरू एकै स्थानबाट नभएर कटुञ्जे तथा दिबुखातर्फबाट आएको मान्न सकिन्छ किनकी यहाँ रहेका लुहुन जाति राईहरू आफूलाई कटुञ्जेबाट आएको दाबी गर्दछन्। त्यस्तै मुख्यतः बान्तवा राईहरू आफूलाई दिबुखातर्फबाट आएको मान्दछन्।

किरात संस्कृतिमा हाल पनि पाछागत रूपमा बसोबास पहिल्याउँदा लुहुनजातिको बसोबास कट्ञ्जे क्षेत्रमा प्रशस्त रहेको छ भने बान्तवा राईहरूको बाहुल्य दिबुखा (दिल्पा) क्षेत्रमा रहेको छ। यस क्षेत्रमा बसोबास गरिरहेका राई जातिहरू विभिन्न थर र पाछामा विभाजित भए तापनि भाषा, संस्कृति, रहनसहन, रीतिरिवाज, धर्म, चाडपर्व आदि कुरामा भने एकरूपता रहेको छ। भाषाका सन्दर्भमा यहाँका कुनै पनि पाछाका राईहरू आफ्नो छट्टै भाषा बोल्दैनन्। यहाँका सबै जातिको भाषाको मिश्रणबाट एउटा छुट्टै भाषाको विकास भएको छ जुन दुङ्गाली भाषाको नामले परिचित छ (भट्टराई, २०७५, पृ. ८२)। यसमा प्रयोग भएका केही शब्दहरू नेपाली भाषामा पनि प्रयोग भएका छन् तर यो भाषा छुट्टै भाषा हो यी मिश्रण भएका शब्दहरू आगन्तुक शब्दहरू मात्र हुन् (केशरबहादुर राईसँगको कुराकानी, २०७५/११/०६)। यसरी मिश्रित रूपले रहेको यस राई समाजमा परम्परादेखि विभिन्न संस्कार र संस्कृतिहरू प्रचलनमा रहेका छन् भने समयको परिवर्तनसँगै कतिपय संस्कार र संस्कृतिहरू परिमार्जन भइरहेका छन् केही केही संस्कृतिहरू लोप पनि भइसकेका छन्। यसरी परम्परागत रूपले जातिगत संस्कृतिको पहिचान दिने एउटा संस्कृति हो ढुकुरसिंह पूजा। ठूलोदुम्माका छिवात्पाङ पाछाका राई जातिले ढुकुरसिंहको पूजा गर्ने प्रचलन रहेको छ। यसलाई उक्त जातिले आफ्नो मौलिक संस्कृतिको रूपमा मान्दै आएका छन्। यसलाई राजगैयाको नामबाट पनि पुकार्ने प्रचलन रहेको छ (हस्तबहादुर राईसँगको अन्तर्वार्ता, (२०७५/११/०६)। राई जाति प्रकृतिपुजक जाति हो। प्रारम्भमा किरातहरू मूर्तिपूजक थिए, उनीहरूसँग मन्दिर, वेदी वा चित्रहरू थिएनन्। त्यस बेला ईश्वर, प्रकाश र आगोमा विद्यमान छन् भनी आगो र सूर्यको पूजा गर्न थाले (सिवाकोटी, २०५५, पा.टी नं. २, पृ. ११४)। परम्परातग रूपमा किरातहरू शिव, पार्वती र चण्डी आदिका उपासक थिए। मृत पितृको उपासना, प्रकृतिको उपासना, किरात समाजमा धैरै लोकप्रिय थियो। मन्दिर विशेषभन्दा गुफा, कन्दरा, पहाडको टुप्पो, जङ्गल, खोलानालाजस्ता स्थानमा आफ्ना

इष्ट देवीदेवताको उपासना गर्दथे (खत्री र दाहाल, २०५३, पृ. ५–६)। त्यस्तै एउटा पूजाका रूपमा ढुकुरसिंह पूजाको प्रचलन र सांस्कृतिक मान्यता स्थापित भए हो। यस पूजाको लागि घर छेउछाउमा अभिन्तर हेरेर थानको स्थापना गरिन्छ। यस्तो थान स्थापना गर्न कुनै रुखको फेदमा सफासुग्घर गरी रुखमा घण्टी झुण्ड्याएर तयार गरिन्छ। त्यस स्थानको वरिपरि रहेका सानातिना बोटविरुवासमेत पूजा गर्ने दिनमा मात्र काटछाँट गर्ने प्रचलन रहेको छ। पूजाको थानमा एउटा बाँसको लिङ्गो पनि गाडेर तयार गरिन्छ। उक्त लिङ्गोलाई पनि पूजाको दिनमा मात्र फेर्ने चलन रहेको छ। यो पूजा बर्षमा दुईपटक गरिन्छ। बैसाख पूर्णिमा र मङ्सीर पूर्णिमामा। पूजाको तयारी गर्दा थानको छेउमा आगो बालेर धुँवा लगाउने चलन रहेको छ (शोधकर्ताद्वारा प्रत्यक्ष अवलोकन, २०७५/०८/१६)। यो पूजा कहिलेबाट सुरु भयो भन्ने सम्बन्धमा यकिन मिति भने अझै खोजीको विषय नै रहेको छ।

यस संस्कृतिका सम्बन्धमा स्थानीय बूढापाकाहरूको भनाई अनुसार पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने सिलसिलामा बिजयपुर र चौदण्डी सेन राज्यहरूलाई बिजय गरेपछि माझकिरात क्षेत्र पनि स्वतः नेपालको अधिनमा आयो। त्यसपछि एकीकृत नेपालको न्याय ब्यवस्था पनि केन्द्रिकृत भयो। यो अवस्थामा यस स्थानका छिवात्पाङ पाछाका मस्तसिंह नाम गरेका ब्याक्ति उनका भाइका साथमा मुद्दाको सिलसिलामा काठमाडौ पुगे, त्यहाँ उनको भाइ हराएको र मुद्दाको तनाबले दिक्क हुँदै भाइको खोजीमा यन्त्रतन्त्र घुम्दै जादा त्यहाँको एउटा मन्दिरमा राँगाको बलि दिएर पूजा गरेको देखे। त्यो दृष्य देखेर उनले भाकल गरे मैले यो मुद्दा जिते भने साथै मेरो भाइ भेट्टियो भने यहाँ तिम्रो सेवा दुई सिंङ्गेले गर्ने गरेको रहेछ म मेरो गाउँमा लगेर थान स्थापना गरेर नौ सिंङ्गेले सेवा गर्ने छु। उसले मुद्दा जितेको र उसको भाइ पनि फेला परेकोले उसले गाउँमा आएर थान बनाई ढुकुरसिंह नाम राखेर नौ सिंङ्गे कुखुराको भालेले सेवा गर्न थालेको विश्वास रहेको छ (राई, २०७५, पा.टी नं १६)। यो पूजा कुखुराको भालेको बलि दिएर सम्पन्न गरिन्छ । कसैकसैले बोकाको बलि दिएर पनि यो पूजा गर्दछन्। यस पूजाको लागि बाबरको आवश्यकता पर्दछ (मेघजीत राईसँग गरिएको कुराकानी, २०७५/११/१६)। राई जातिले आफ्ना संस्कार संस्कृतिहरू सबै किरातको मुख्य धर्मग्रन्थ मुन्दुमअनुसार नै सम्पन्न गर्दछन्। यसका लागि आफ्नै प्रकारका मौलिक सामग्रीहरूको प्रयोग गर्दछन्, जस्तै अदुवा, कोदोको जाँड, चिण्डो, केराको पात वा भोर्लाको पात, काँसे थाल, मूलको पानी, दल्छिण ढुङ्गा आदि। यी सम्पूर्ण सामग्री अन्य जाति वा धार्मिक सम्प्रदायले प्रयोग गर्ने गरेका पूजा सामग्रीभन्दा पूर्णतः फरक छन् (राई, २०५६, पृ. ग)। तर यो ढुकुरसिंह पूजा यी सबै विधिहरू भन्दा फरक रहेको छ। यस पूजामा मुन्दुम र किरात राई भाषाको प्रयोग गरिदैन। यस पूजामा पुजारीले नेपाली भाषाको प्रयोग गर्दछन्। यस पूजामा प्रयोग गरिएका बाबर जसलाई विशेष महत्त्व दिइन्छ। पूजा सम्पन्न गर्न थान सरसफाई गरेर धजापताकाहरूले सिंगारेर त्यहाँ एउटा ढुङ्गाको थपना राखेर त्यस अगाडि ढुङ्गा राखेर त्यस ढुङ्गामा १६ कोठा हुने गरी रेखी हालेर प्रत्येक कोठामा पूजा गरी थपनाको पूजा गरेर धुप हाली बत्ती बालिन्छ।

अन्य संस्कारमा जस्तो यस पूजामा नाक्छोङ, बिजुवा आदिको आवश्यकता पनि पर्दैन। यस सम्प्रदायको कुनै पनि विधिपूर्वक सम्पन्न गर्नसक्ने व्यक्तिले यो पूजा गर्न सक्दछन्। उनीहरूले घर परिवारमा सुख शान्ति दिनु, कुनै दुःख नदिनु, धनधान्य बढाई दिनु, रोग ब्याधी नलागोस भन्ने जस्ता सुख शान्ति र धनधान्यसँग सम्बन्धित आशिष माग्दै कुखुराको भालेको बलि दिन्छन्। बलि दिएको रगत थपनामा पार्ने गरिन्छ। त्यस बलि दिएको कुखुराको मुटु र कलेजो झिकेर थानको छेवैमा बालेको आगोमा पोलेर थपनामा चढाउने प्रचलन छ। त्यसपछि प्रसाद स्वरूप मासु पकाएर खाने गरिन्छ (शोधकर्ताद्वारा प्रत्यक्ष अवलोकन, २०७५/११/१६)। यस पूजामा चढाएको बाबर जोकोहीलाई दिन नहुने विश्वास रहेको छ। उक्त बाबर घरपरिवार र ढुकुरसिंह पूजा गर्ने प्रचलन रहेका व्यक्ति र परिवारका सदस्यहरूलाई मात्र दिईन्छ। जसको कारण यो बाबर खाएमा ढुकुरसिंहले पछयाएर दुःख दिने धनधान्य र चौपायामा हानी हुने विश्वास रहेको छ त्यसैले गर्दा यो पूजामा प्रयोग गरेको बाबर प्रसादको रूपमा भए पनि सबैलाई दिने प्रचलन छैन। ढुकुरसिंहले दुई प्रकारबाट दुःख दिने र त्यस्तो व्यक्ति वा परिवारले पनि पूजा गर्न सुरु गर्नु पर्ने विश्वास रहेको छ। प्रथमतः छिवात्पाङ परिवारकी चेलीसँग विवाह भएमा चेलीलाई पछयाएर दुःख दिन्छ भन्ने विश्वास रहेको छ भने दोश्रो उक्त पूजाको प्रसादकोरूपमा रहेको बाबर खाएमा पनि यसले पछयाएर दुःख दिन्छ भन्ने विश्वास रहेको छ। राई

सम्प्रदायमा धामी, बिजुवाको प्रचलन रहेको छ । कसैले आफू माथि कुनै दुःख बिमार वा अन्य कुनै नराम्रो महसुस गरेमा धामी, बिजुवालाई जोखाना हेर्न लगाउँदछन् । यदि ढुकुरसिंहले पछरयाएर दुःख दिएको भएमा धामी, बिजुवाले देखाईदिन्छन् भन्ने विश्वास रहेको छ (राई, २०७५, पा.टी नं २१) । पहिले छिवात्पाङ पाछामा सीमित रहेको यो पूजाको प्रचलन हाल आएर उक्त पाछामा मााित्र सीमित छैन विस्तारै चेलीको माध्यमबाट फैलिँदै गएको छ । चेलीको विवाह जुन पाछामा भयो त्यही पाछामा र त्यस पाछाबाट पनि अर्को पाछामा गर्दै फैलदै गएकोले हाल छिवात्पाङ बाहेकका अन्य पाछामा पनि केहीमात्राका यसको प्रचलन रहेको छ भने एक जना कार्की थरका क्षेत्रीले छिवात्पाङ चेलीसँग विवाह गरेकोले उसलाई पनि पछयाएर यो पूजा गर्न थालेका छन् (राई, २०७५, पा.टी नं १६) । भौगोलिक रूपमा पनि यो ठूलोदुम्मामा मात्र सीमित छैन । चेलीको माध्यमबाट फैलने र बसाइसराईको कारण सुनसरी, मोरङ, झापा लगायतका ठाउँहरूमा यो पूजाको प्रचलन रहेको छ (राई, २०७५, पा.टी नं २१) । ढुकुरसिंहले पछयाएर दुःख दिएमा पूजा नियमित गरिरहने मनसाय नभएमा एकपटक पूजा गरी प्रसाद नखाई छोडेमा फेरि पूजा गर्नु पर्दैन यसले पछयाउन छोड्दछ र फर्कन्छ भन्ने विश्वास रहेको छ तर पनि यसरी फर्काउने कार्य गरेको भने पाइँदैन । यसरी यस पूजालाई यस क्षेत्रका छिवात्पाङ पाछाको मौलिक संस्कृतिको रूपमा लिएको भए तापनि यसको विस्तारले साझा संस्कृतिको रूपमा विस्तार हुँदै गएको छ ।

**निष्कर्ष**

नेपालको इतिहासमा विभिन्न क्षेत्र, धर्म, अर्थ, जाति, राजनीति, भाषा, संस्कार, संस्कृति आदिको ठूला महत्त्व रहेको छ । वास्तवमा यिनै विषयवस्तुको संगालो इतिहास हो । मानवले गरेका हरेक क्रियाकलाप इतिहास हुन् । यहाँका हरेक जातजातिहरूले आफ्नो इतिहासलाई जीवन्त राखेका छन् । यस्तै पूर्वी नेपालमा मुख्य बसोबास भएको एउटा जाति राई पनि हो । काठमाडौं उपत्यकामा लामो समयसम्म शासन गरेर लिच्छवीहरूबाट पराजित भई पूर्वतर्फ लागेका राईहरू माझकिरात क्षेत्रमा बसोबास गर्दछन् । माझकिरात क्षेत्रका एउटाका ठाउँका रूपमा हालको पौवादुङ्गा गाउँपालिकाको वार्ड नं. ६, ठूलोदुम्मा पर्दछ । यहाँ राई जातिको घना बसोबास रहेको छ । यहाँका राई जाति विभिन्न थर र उपथर (पाछा) मा विभाजित रहेका  छन् । त्यस मध्ये एउटा पाछा हो छिवात्पाङ जुन जाति आफू पश्चिम तर्फबाट पूर्वतर्फ बढ्दै पूर्व ३ नं बासपानी, त्यसपछि दिबुखा हालको दिल्पा नागी, छिनामखु हुँदै यस ठूलोदुम्ममा बसोबास गर्दै आई रहेको छ । जसले त्यस स्थानका अन्य राई जातिले जस्तै आफ्ना विभिन्न जातीय संस्कार, संस्कृतिलाई जिवन्त राखेको छ । तर त्यसभन्दा पर उसले एउटा नयाँ प्रकारको पूजाको प्रचलन चलाएको छ जुन अन्य पाछको अन्य क्षेत्रका राईहरूको भन्दा पूर्णतः भिन्न छ । जून पूजा हो ढुकुरसिंह पूजा । यो पूजा उनीहरू बैसाख पूर्णिमा र मङ्सीर पूर्णिमामा गरी बर्षमा दुईपटक सम्पन्न गर्दछन् । राई जातिले आफ्ना सम्पूर्ण जातीय संस्कारहरू मुन्दुमको आधारमा राई बिजुवाबाट राई भाषाको प्रयोग गरेर सम्पन्न गर्दछन् तर यो पूजामा भने नेपाली भाषाको प्रयोग गर्दछन् । पूजा कुखुराको भालेद्वारा गरिन्छ भने चामलको बाबर पकाएर चढाइन्छ । यसमा बाबरको विशेष महत्त्व रहन्छ । जसको मुख्य कारण बाबरकै माध्यमबाट यो पूजाको प्रचलन एक परिवारबाट अर्को परिवारमा सर्दछ भन्ने विश्वास रहेको छ । त्यस्तै छोरी चेलीले जुन पाछामा विवाह गर्दछन् त्यो पाछामा पनि यो पूजा गर्नुपर्ने धारणा रहेको छ । त्यस्तै जसले प्रसादको रूपमा बाबर खान्छ, त्यसलाई पनि ढुकुरसिंहले पछयाएर दुःख दिने विश्वास रहेको छ । जसले गर्दा प्रसादको रूपमा प्रयोग भएको बाबर अन्य जाति वा परिवारलाई दिने प्रचलन छैन । यो पूजाको प्रभाव र प्रचलन विस्तृत रूपमा भईरहेको छ । यसले हाल अन्य पाछा र जातिमा तथा यस ठूलोदुम्मा बाहेकका केही क्षेत्रहरू तथा अन्य केही जिल्लाहरू जस्तैः– सुनसरी, मोरङ्ग, झापा लगायतका स्थानहरूमा पनि प्रभाव बढ्दै गएको छ । जसको मुख्य कारण छिवात्पाङ पाछाका चेली विवाह गर्नु तथा बसाइसराईको विस्तारले गर्दा भएको हो । ढुकुरसिंहले पछयाएमा एकपटक पूजा गरेर प्रसाद नखाई छाडेमा यसले पछयाउन छाड्ने विश्वास रहेको छ तर पनि यसरी फर्काउने कार्य भने गरेको कुनै प्रमाण प्राप्त नभएको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ सामग्री

आचार्य, बाबुराम (२०७०). *नेपालको सङ्क्षिप्त वृतान्त*, श्रीकृष्ण आचार्य।

उपाध्याय, श्रीराम (२०६१ ). *नेपालको प्राचीन तथा मध्यकालीन इतिहास*, रत्न पुस्तक भण्डार।

खत्री, प्रेमकुमार र दहाल, पेशल (२०५३). *आधुनिक नेपालको सामाजिक इतिहास*, साझा प्रकाशन।

पाण्डे, रामकुमार (२०५५). *नेपाल परिचय*, भुँडीपुराण प्रकाशन।

शर्मा, बालचन्द्र (२०३३). *नेपालको ऐतिहासिक रूपरेखा*, ते. सं, कृष्णकुमारी देवी।

शिवाकोटी, गोपाल (२०७४). *किरात जाति*, पैरवी प्रकाशन।

सुवेदी, ओमप्रसाद (२०६५ ). *लैकुपश्चिमका लोकसंस्कृति तथा किरात सभ्यता*, परिजन सुवेदी।

राई, इन्द्रदेव (२०७५). *प्राचीन कालीन भोजपुर*, *सहयात्रा* २(२), पृ.२३–४२।

राई कमलजङ र राई, ईन्द्रदेव (२०६६). *हतुवा राज्यको सङ्क्षिप्त इतिहास*, आदिवासी जनजाति अध्ययन तथा अनुसन्धान केन्द्र।

राई, चन्द्रकुमार (२०५६ ). धर्म टोङ्वेत राई जातिको अनौठो संस्कृति. *गोरखापत्र शनिबासरीय*, आषाढ १९ पृ. ग ।

नीलमणि भट्टराई (२०७५). ठूलोदुम्माका राई जातिमा धर्म टोङ्वेतको प्रचलन. *सहयात्रा* २(२), पृ.८२।

national Population and Housing Census 2011: Village Development Committee/ Municipality, Kathmandu: March 2014, Government of Nepal National Planing Commission Secretariat Central Bereau of Statistics,p.49